# डुङ्गेश्वर गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड :०९ संख्या :०१ मिति : २०८२/०८/२८


## भाग-२

## ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** डुङ्गेश्वर गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीय गाउँबासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुको विकास कार्यक्रमहरुमा माग भए अनुसार सःशुल्क प्रयोग गर्नका लागि डुङ्गेश्वर गाउँपालिकासँग रहेको ब्याक हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त तथा बन्देजमा रही सञ्चालन गर्ने/गराउने गरी यो कार्यविधि स्वीकृत गरिएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

**१.संक्षिप्त नाम प्रारम्भ :**

क. यो कार्यविधिको नाम “ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधी, २०८२” रहको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख. “ब्याक हो लोडर” भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर मेसिनलाई सम्झनुपर्दछ। यस कार्यविधिमा ब्याक हो लोडरलाई “मेसिन” समेत भनी सम्झनु पर्दछ।

ग. “गाउँपालिका” भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

घ. “गाउँसभा” भन्नाले डुङ्गेश्वर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

ङ. “अध्यक्ष” भन्नाले डुङ्गेश्वर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

च. “उपाध्यक्ष” भन्नाले डुङ्गेश्वर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

छ. “गाउँ कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २(ङ) मा भएका उल्लिखित व्यवस्थालाई सम्झनु पर्दछ।

ज. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिका कार्यालयका प्रमखु प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

झ. “इन्जिनियर” भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयका इन्जिनियरलाई सम्झनु पर्दछ।

ञ. “कार्यालय” भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ट. “कोष” भन्नाले ब्याक हो लोडर सञ्चालनका लागि स्थापना गरीएको कोष अर्थात (Fund) लाई सम्झनु पर्दछ।

ठ. “अपरेटर” भन्नाले गाउँपालिकाले नियुक्ति गरेको ब्याक हो लोडरको चालक तथा सहचालकलाई सम्झनु पर्दछ।

**३. सञ्चालन विधि** : डुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयमा रहेको ब्याक हो लोडर सञ्चालनका लागि देहायको प्रक्रिया पुरा भएपश्चात मात्र खटाइनेछ :

क. ब्याक हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाबाट गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको फारामको (अनुसूची-१) ढाँचामा दरखास्त पेस गर्नुपर्नेछ।

ख. ब्याक हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाका माग निवेदन उपर प्रमुख प्रशासकीय अधीकृतबाट आदेश भएपश्चात के कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको गाउँ कार्यापालिकाको कार्यालयले तोके अनुसारका शुल्क अग्रीम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। तर गाउँपालिकाको वार्षिक कार्यक्रम अन्तर्गतका विकास योजनाका उपभोक्ता समितिको हकमा भने योजना समाप्त भएपछि तोकिएको शुल्क बुझाउन बाधा पर्नेछैन।

ग. ब्याक हो लोडर माग गने व्यक्ति, समूह वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात गाउँपालिकाको विकास निर्माण कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता

दिई खटाईनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईनेछ ।

घ. ब्याक हो लोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्विकृत लिखित आदेशविना कुनै स्थान विशेषमा मेसिन लगि काम गर्ने/गराउने अधिकार रहने छैन ।

ङ. निवेदकले माग गरिएको समय भन्दा बढी समयसम्म कामकाज गर्नु/गराउनु पर्ने भएमा मेसिन अपरेटरले तत्काल प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम अग्रीम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेसिन सञ्चालन गर्नुपर्नेछ ।

च. मेसीन प्रयोग गरेवापत प्रति घण्टाको शुल्क निर्धारण गरी तोकिए बमोजीम हुनेछ ।

छ. मेसीन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेसिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

ज. मेसीन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेसीन अपरेटरले कामको विवरणसहित मिटरको अद्यावधिक (अनुसूची-६) बमोजिम अभिलेख कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

झ. अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरुको व्यवस्था गरिनेछ ।

ञ. गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामकोसमेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

ट. ब्याक हो लोडर माग गने व्यक्ति, समूह वा संघ-संस्थाले ब्याक हो लोडर शुल्क बुझाउँदा कोषको खाता रहेको बैंकमा तोकिएको खाता नं मा जम्मा गरी सक्कलै भौचर पेस गर्नु पर्नेछ ।

ठ. पालिका मातहतबाट सञ्चालन गर्नुपर्ने भएमा सञ्चालक समितिबाट स्वीकृतिलई आवश्यक प्रकृया बमोजिम गर्ने उक्त कामको लागि आवश्यक पर्ने इन्धन कार्यालयले व्यहोर्नु पर्ने खर्च कार्यापालिकामा पेश गरी अनमोदन गराउने ।

**४. व्याक हो लोडर कोष सञ्चालन सम्बन्धी व्यवस्था :**

क. डुङ्गेश्वर गाउँपालिकामा रहेको ब्याक हो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र

गाउँपालिकाको लेखा प्रमुखबाट संयुक्त रुपमा गरिनेछ।

ख. कोषमा देहाय बमोजिमको रकम आम्दानी बाँधिनेछ।

अ. व्याक हो लोडर सञ्चालनवापतको शुल्क।

आ. गाउँसभाबाट विनियोजित रकम।

ग. कोषको लेखापरीक्षण कार्यालयको आन्तरिक लेखा परीक्षण इकाइ तथा महालेखा परीक्षकबाट गरिनेछ।

घ. प्रत्येक आर्थिक वर्षमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा गाउँपालिकाको संचित कोषमा आम्दानी बाँधिनेछ।

**५. अपरेटर सम्बन्धी व्यवस्था** :

क. डुङ्गेश्वर गाउँपालिकामा रहेको ब्याक हो लोडर सञ्चालन गर्न एक अपरेटर र एक सहायक अपरेटर रहनेछन्।

ख. अपरेटरको नियुक्ति करार कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम हुनेछ।

ग. अपरेटरको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ र भत्ता अनुसूची ५ बमोजिम हुनेछ।

घ. अपरेटरको जिम्मेवारी तथा कर्तव्य करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

ङ. अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ।

**६. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था** :

क. अपरेटरले इन्धन तथा लुब्रीकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फारम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ। इन्धन तथा लुब्रीकेन्टस् खपतका अद्यावधिक लगत मेसीन अपरेटरले तयार गरी जिन्सी शाखा प्रमुखको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ। साथै इन्धन भुक्तानी गर्दा मेसिन मिटर बुकमा चढेको घण्टाको हिसाबले एक घन्टामा लाग्ने इन्धन अनुसार (अनुसूची-७ बमोजिम) हिसाब गरि भुक्तानी गर्नु पर्नेछ।

ख. इन्धन तथा लुब्रीकेन्टस् र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयका जिन्सी शाखामा अद्यावधिक राखिनेछ।

ग. मेसीन बिग्रिएमा बिग्रीएको जानकारी मेसीन अपरेटरले कार्यालयलाई गराउनु

पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्विकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ।

घ. मर्मत सम्भारका कार्य गर्दा/गराउँदा मेसीन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ।

ङ. १ लाख भन्दा बढी मर्मत खर्च हुने अवस्थामा मेकानिकल इन्जिनियरको सिफारिस लिई मर्मत गर्नु पर्नेछ।

**७. व्याक हो लोडर सञ्चालन शुल्क :**

**तपसिल**

| **क्र. स.** | **कामको क्षेत्र** | **व्याक हो लोडर भाडा दर** | **कैफियत** |
|---|---|---|---|
| १ | डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको आफ्नो लगा( नीमा उपभोक्ता समितिमार्फत सञ्चालन योजनाहरु | प्रति घण्टा रु १,५०२.०० (इन्धन र मू.अ.कर बाहेक) | |
| | | प्रति घण्टा रु ३,०००.०० (इन्धन र मू.अ.कर सहित) | |
| २ | डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्र अन्यव्यक्ति निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालान योजनाहरु | प्रति घण्टा रु १,७०२.०० (इन्धन र मू.अ.कर बाहेक) | |
| | | प्रति घण्टा रु ३,२००.०० (इन्धन र मू.अ.कर सहित) | |
| समितिको सिफारिसमा कार्यपालिकावाट समय-समयमा व्याक हो लोडर सेवा शुल्क परिवर्तन गर्न सक्नेछ। | | | |

**८. व्याक हो लोडर सञ्चालन समिति :**

क. व्याक हो लोडर मेसीनलाई सञ्चालन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमको एक समिति रहनेछ।

गाउँपालिकाका अध्यक्ष - संयोजक
प्रमुख प्रशासकीय अधिकृत - सदस्य
इन्जिनियर - सदस्य
आर्थिक प्रशासन शाखा - सदस्य
योजना शाखा - सदस्य
जिन्सी शाखा प्रमुख - सदस्य सचिव

ख. समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ।

ग. समितिको कुल संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नकोलागि गणपुरक संख्या पुगेको मानिनेछ।

घ. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम व्याक हो लोडर संचालन कोषबाट हुनेछ।

ङ. संचालक समितिमा विवाद आए बाधा अड्काउ फुकाउको निम्ति कार्यपालिका सदस्यहरुले कम्तिमा दुई तिहाई बहुमतको आधारमा निर्णय गर्नेछ।

**९. समितिको काम, कर्तव्य र अधिकार :**

क. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

अ. सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे/नगरेको अनुगमन गर्ने।

आ. चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने।

इ. सेवाको बारेका कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

ई. सरोकारवालासँग आवश्यकता अनुसार सेवाबारे समिक्षा बैठक गर्ने।

उ. गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

ख. समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक विषयको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेस गर्नु पनेछ।

**१०. विविध :**

क. मेसीनको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेसीन अपरेटरको हुनेछ।

ख. मेसीन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ। गाउँपालिकाका इन्जिनियर वा जिन्सी शाखा प्रमुखलेसमेत मेसीन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ।

**११. संशोधन गर्न सक्ने** : यस कार्यविधिको आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१२ खारेजी र बचाउ**: यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची–१

**(दफा ३ (क) संग सम्बन्धित)**

**माग निवेदन फारम**

मिति :- ........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
डुङ्गेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
दैलेख ।

**विषय :- ब्याक हो लोडर उपलब्ध गरी पाउँ ।**

महोदय,

यस डुङ्गेश्वर गाउँपालिकाको कार्यालयको ब्याक हो लोडर देहाय बमोजिमको कामका लागि आवश्यक परेकोले देहायको विवरण भरि माग गरेको छु/छौ । नियमानुसार लाग्ने शुल्क लिई ब्याक हो लोडर उपलब्ध गराई पाउँ ।

**कामहरु:–**

१. ................................................
२. ................................................
३. ................................................
४. ................................................
५. ................................................

............................
माग गर्नेको दस्तखत

## अनुसूची-२
### (दफा ३ (ख) संग सम्बन्धित)
### स्वीकृत प्रदान गरिएको डुङ्गेश्वर गाउँपालिकाको तर्फबाट भर्ने

श्री.......................... को मिति .............. को माग निवेदन बमोजिम ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्याविधि, २०८२ को अधिनमा रही सञ्चालनका लागि अनुमति दिइएको छ।

| गाउँपालिकाबाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय | काममा लाग्ने अनुमानित समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

................. ..................... .........................

जिन्सी शाखा पेश गर्ने | इन्जिनियर चेक गर्ने | योजना शाखा प्रमुख सिफारिस गर्ने

राजश्व शाखाले भर्ने :

| रसिद नं र मिति | जम्मा गरिएको रकम रु. | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

........................ ........................

प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत गर्नेको दस्तखत

## अनुसूची–३
## (दफा ६ संग सम्बन्धित)
## व्याक हो लोडरका लागि इन्धन मागको निवेदन ढाँचा

मिति :- ……………………

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
डुङ्गेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डांडापराजुल , दैलेख ।

**विषयः–व्याक हो लोडरमा चाहिने अनुमानित इन्धन उपलब्ध सम्बन्धमा ।**

महोदय,

यस डुङ्गेश्वर गाउँपालिकाको व्याक हो लोडरको तपसीलको कार्य गर्न इन्धन चाहिने भएकाले इन्धन उपलब्ध गराइदिनुहुन यो निवेदन गर्दछु ।

**तपसिलः**

| क्र. स. | कामको विवरण र स्थान | चाहिने अनुमानित इन्धन (लि.) वा लुब्रीकेन्टस | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| ……………… | ………………… | ………………… |
|---|---|---|
| मेसिन अपरेटर<br>पेश गर्ने | जिन्सी शाखा प्रमुख<br>चेक गर्ने | प्रमुख प्रशासकीय अधिकृत<br>सिफारिस गर्ने |

## अनुसूची–४

**(दफा ६ संग सम्बन्धित)**

**ब्याक हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा**

मिति :- ........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
डुङ्गेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डाँडापराजुल , दैलेख ।

**विषयः– ब्याक हो लोडर मर्मत सम्बन्धमा ।**

महोदय,

यस डुङ्गेश्वर गाउँपालिकाको ब्याक हो लोडरको तपसिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु ।

तपसिलः

| समस्या आएका सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नु पर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

.................... ...................... ........................

मेसिन अपरेटर
पेश गर्ने

इन्जिनियर
चेक गर्ने

प्रमुख प्रशासकीय अधिकृत
सिफारिस गर्ने

## अनुसूची–५

### (दफा ३(ख) संग सम्बन्धित)

यान्त्रिक उपकरण भाडामा दिनु/लिनु परेको खण्डमा भाडादर तथा कर्मचारीको भत्ता

| सवारी साधनको नाम | भाडाको दर | | | |
|---|---|---|---|---|
| | प्रति घण्टा | कामको क्षेत्र | विवरणा | कैफियत |
| व्याक हो लोडर | १५०२ | उपभोक्ता समिति | इन्धन, अपरेटर र सहयोगी भत्ता बाहेक | |
| | ३००० | | इन्धन, अपरेटर र सहयोगी भत्ता बाहेक | |
| | १७०२ | निजी क्षेत्र | इन्धन, अपरेटर र सहयोगी भत्ता बाहेक | |
| | ३२०० | | इन्धन, अपरेटर र सहयोगी भत्ता बाहेक | |

**नोटः-**

१. अपरेटर भत्ता रु. १०० प्रति घण्टा।

२.अपरेटर सहयोगी भत्ता रु. ५० प्रति घण्टा।

## अनुसूची–६

**(दफा ३ (ज) संग सम्बन्धित)**

भाडामा सम्झौता वा कार्यालयको काम बमोजिम कार्यालयबाट छुटेदेखि कार्य क्षेत्रबाट फर्कदासम्म व्याक हो लोडर चलेको मिटर बुक

| क्र.स. | कामको विवरण | मिति | मेशिन चलेको अवधि | | मिटर रेकर्ड | | कै |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | सुरु | अन्तिम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | |
|---|---|---|
| .................... | .................. | ......................... |
| मेसिन अपरेटर | ईन्जिनियर प्रमुख | प्रशासकीय अधिकृत |
| पेश गर्ने | चेक गर्ने | सिफारिस गर्ने |

## अनुसूची–७

**(दफा ६ (क) संग सम्बन्धित)**

भाडामा सम्झौता वा कार्यालयको काम बमोजिम ब्याक हो लोडर चलेको मिटर बुक अनुसार प्रति घण्टा लागेको इन्धनको मात्रा

| क्र.स. | मिति | मिटर रेकर्ड | | इन्धन मात्रा | कैफियत |
|---|---|---|---|---|---|
| | | सुरु | अन्तिम | | |
| | | | | | प्रति घण्टा ७-८ लिटर |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

.................. .................... ...........................

मेसिन अपरेटर
पेश गर्ने

ईन्जिनियर
चेक गर्ने

प्रमुख प्रशासकीय अधिकृत
सिफारिस गर्ने

**आज्ञाले**
**श्रीसम्सेर रानामगर**
**प्रमुख प्रशासकीय अधिकृत**